सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

राष्ट्रिय भूमि आयोग जिल्ला समिति महोत्तरीको हकदाबी सम्बन्धी ७ दिने सूचना
पेज २ -३ मा

♦ वर्ष ७ ♦ अंक ८३ ♦ २०८० साल मंसीर २२ गते शुक्रवार ♦ 8 Dec 2023 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ www.shirishnews.com

## धनुषामा एकजना मृत फेला



खबर दर्पण समाचारदाता
**मंसीर २१ गते, महेन्द्रनगर**

धनुषाको सबैलामा एकजना मृत फेला परेका छन् ।

सबैला नगरपालिका ९ सतोखरका अन्दाजी ४५ वर्षीय रामशंकर राय बुधवार राति करिब ८ बजे मृत फेला परेका हुन् ।

उनको अत्यधिक मदिरा सेवनको कारण मृत्यु भएको प्रहरीले जनाएको छ ।

दिउँसोदेखि अत्यधिक मदिरा सेवन गरेका राय साँझ सबैला नगरपालिका ३ स्थित नालामा शौच गर्न गएको बेला उनको मृत्यु भएको इलाका प्रहरी कार्यालय सबैलाका प्रहरी निरीक्षक सुन्दर चौलागइले बताए ।

रायको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ ।

प्रहरीलाई पनि घरपरिवारले पनि उनी अत्यधिक मदिर सेवन गर्ने गरेको बताएका छन् ।

घटना विषयमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय सबैलाले जनाएको छ ।

## तराई मधेशका जिल्लामा चिसो बढ्यो, विपन्न परिवार प्रभावित

खबर दर्पण समाचारदाता
**मंसीर २१ गते, बर्दिवास**



धनुषा, महोत्तरी सहित तराई मधेशका जिल्लामा विहिवार देखि चिसो बढेको छ ।

विहिवार विहान देखि हल्का वर्षासँगै चिसो सिरिठो सहितको हावा चलेपछि जाडो बढेको हो । हल्का जाडो बढ्दै गएको भए पनि आजबाट चिसो सिरिठो सहितको हल्का बर्षाले यस वर्षको जाडो तराई मधेशमा आजबाट महसुस गरिएको छ ।

जाडो बढेसँगै धनुषा, महोत्तरी लगायतका जिल्लाको जनजीवन प्रभावित भएको छ।

चिसो बढेसँगै बजार क्षेत्रमा सर्वसाधारणको आवतजावत पातलिएको छ भने ठाउँ गाउँमा मानिसहरू आगो तथा घुर बालेर बसेका छन् । चिसो बढेसँगै बजारमा न्यानो कपडा किन्ने तथा इलेक्ट्रिक हिटर, गिजरको बिक्री बढेको छ ।

तर यता न्यानो कपडाको अभावमा विपन्न परिवारहरू भने पीडित भएका छन् । जनकपुरधाम सहित तराईका जिल्लाहरूमा बर्सेनी पुस, माघको जाडोले न्यून आयआर्जन भएका अति विपन्न र दलित परिवार शीतलहरबाट प्रभावित हुँदै आएका छन् । कठ्याङ्ग्रिदो जाडोको कारण तराई मधेशमा बर्षेनी विपन्न परिवारका व्यक्तिहरूको मृत्यु हुँदै आएको छ ।

चिकित्सकहरूले चिसो बढ्दै जाँदा बालबालिका, वृद्धवृद्धा र शारीरिक अवस्था कमजोर

बाँकी पृष्ठ ४ मा

## बर्दिवास: खानेपानी चोरी गरेर उद्योग संचालन

विशाल बस्नेत
**मंसीर २१ गते, बर्दिवास**

पछिल्लो समय बर्दिवासमा पानीको समस्या बढीरहेको वेला बर्षौंदेखि पानी चोरी गरेर उपभोग गरेको पाइएको छ ।

बर्दिवास साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिले निरिक्षण गर्ने क्रममा बर्षौ देखि पानी चोरी गरेर उद्योग नै संचालन गरेको भेटिएको हो ।

९ बर्ष देखि टायल उद्योगमा एक व्यापारीले खानेपानी चोरी गरेर उद्योग संचालन गरेको र अन्य धेरै चोरीका घटनाहरु फेला पारेको उपभोक्ता समितिले जनाएको छ ।

'त्यस्ता धाराहरुको खोजी गरेर काटदै चोरी गर्नेहरुलाई कारवाही प्रक्रिया अगाडी बढाएका छौ ।' समितिका कोषाध्यक्ष भोजराज फुयालले भने ।

पानीको महसुल लामो समयदेखी नतिर्ने केही व्यापारी तथा व्यक्तिहरुको धारा पनि काटिएको छ भने यो विचमा ३० लाख बक्यौता उठाईएको अध्यक्ष भुलनसेनले

बाँकी पृष्ठ ४ मा




## जनकपुरमा अवैध औषधी पसलेको भागाभाग

खबर दर्पण समाचारदाता
**मंसीर २१ गते, महेन्द्रनगर**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा औषधी व्यवस्था विभागले अनुगमन थालेपछि अवैध औसधि सञ्चालकको भागाभाग भएको छ । औसधि व्यवस्था विभाग शाखा कार्यालय वीरगन्जबाट अधिकृत मुकेन्द्र पजियारको नेतृत्वमा आएको टोलिले गत मंगलबारदेखि औसधि पसल तथा फार्मेसीको अनुगमन गरिरहेको छ ।


सो क्रममा दर्ता बिनै सञ्चालित अधिकांश औसधि पसल सञ्चालक पसल बन्द गरी भागेको विभाग वीरगन्जका शाखा फार्मेसी अधिकृत सर्फराज अहमद खानले बताए ।

उनका अनुसार हस्पिटलको फार्मेसी, हलसेल फार्मेसी र

बाँकी पृष्ठ ४ मा

ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

# राष्ट्रिय भूमि आयोग जिल्ला समिति महोत्तरीको हकदाबी सम्बन्धी ७ दिने सूचना

प्रस्तुत विषयमा बर्दिवास नगरपालिकाबाट प्राप्त सिफारिस सहितको विवरण र तथ्याङ्क समेतको आधारमा जिल्ला समिति महोत्तरीले देहाय बमोजिम भूमिहीन दलित,भूमिहीन सुकुम्वासीहरुलाई देहाय बमोजिमका जग्गा उपलब्ध गराउने तयारी गरेकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धमा कसैको कुनै हकदाबी वा दाबी विरोध भए वा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को उपदफा (४) र भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम ४१ख. को उपनियम (४) मा उल्लिखित जग्गा भए वा सरकारद्वारा गठित कुनै आयोग, कार्यदल वा समितिबाट उपलब्ध गराईएको जग्गा भए सोको प्रमाण सहित जिल्ला समितिको कार्यालयकमा ७ (सात) दिनभित्र लिखित निवेदन गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। सो अवधिभित्र निवेदन पर्न नआएमा यसै बमोजिम जग्गा उपलब्ध गराईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

| सि.न. | परिवारमूलीको नाम,थर, ना.प्र.नं. | ना.प्र.प.नं. | स्थानीय तह | वडा नं. | साविक नक्सा नं./ कित्ता नं. | हालको नक्सा नं./कि.नं. | क्षेत्रफल (ब.मि.) | प्रयोजन | चार किल्ला कित्ता नं. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | पु. | प. | उ. | द. | |
| १ | संजिव कुमार | २५६६८३८४,धनुषा | बर्दिवास न.पा. | २ | २५नं. वहादुर गंज ४घ कि.न. ३२ | २०९ | ०,०३३८.६३ | आवास | बाटो | १८९ | २०८ | २१० | |
| २ | सन्तोष कुमार परियार | ०४९२६५७४,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८२ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १८१ | १८३ | |
| ३ | ए माया परियार | १८-०५-७५-००३६१,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २२४ | ०,०३३८.६३ | आवास | बाटो | २०३ | २२३ | २२५ | |
| ४ | चतुर माया परियार | ०४९२५०३१,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०५ | ०,०३३८.६३ | आवास | २२६ | बाटो | २०४ | २६ | |
| ५ | ईन्दिरा कुमारी | ३९२३४०८१,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २२५ | ०,०३३८.६३ | आवास | बाटो | २०४ | २२४ | २२६ | |
| ६ | अशोक परियार | १८-१-०७३/२४३,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७२ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७१ | १७३ | |
| ७ | प्रेम बहादुर कामी | ५२३६१/२३७७,उदयपुर | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१४ | ०,०३३८.६३ | आवास | बाटो | १९४ | २१३ | ११५ | |
| ८ | मनोज कुमार दमाई | १८-२-०७४/१०९,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१९ | ०,०३३८.६३ | आवास | बाटो | १६७ | २१८ | बाटो | |
| ९ | सुकु माया दमाई | ०४९६०१२४२,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८३ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १८२ | १८४ | |
| १० | जमुना परियार | १८-०५-७८-००५६७,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७८ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७७ | बाटो | |
| ११ | सन्त माया परियार | १०३७/१७५१९१,सुनसरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९४ | ०,०३३८.६३ | आवास | २१४ | बाटो | १९३ | १९५ | |
| १२ | शंकर बहादुर गुर्मछाने | ०४९७२३९५,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०७ | ०,०३३८.६३ | आवास | बाटो | बाटो | बाटो | २०८ | |
| १३ | चरिमाया सिङदन | १९३०९५/१०६,सर्लाही | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७४ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७३ | १७५ | |
| १४ | दुर्गा बहादुर भुजेल | ०४९७२९८९,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८५ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १८४ | १८६ | |
| १५ | कुमारी तामाङ्ग | १८-२-०७४/४५५,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७६ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७५ | १७७ | |
| १६ | निभा कुमारी कर्ण | १८३०२०४७१,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २२१ | ०,०३३८.६३ | आवास | बाटो | १९९ | २२० | २२२ | |
| १७ | ज्योति कुमारी कर्ण | १३९२६३०१,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २२२ | ०,०३३८.६३ | आवास | बाटो | २०० | २२१ | २२३ | |
| १८ | ईन्द्र बहादुर बस्नेत | ०४९२७५२४,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९५ | ०,०३३८.६३ | आवास | २१५ | बाटो | १९४ | १९६ | |
| १९ | लोक बहादुर राई | ४३४/७७८०,सर्लाही | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८६ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १८५ | १८७ | |
| २० | सोमु माया लामिछाने | १८३०७४-११३७,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१८ | ०,०३३८.६३ | आवास | बाटो | १७७ | २१६ | २१९ | |
| २१ | सिताराम आले | १८-१-०७४/८८,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९६ | ०,०३३८.६३ | आवास | २१६ | बाटो | १९५ | १९७ | |
| २२ | बिष्णु माया बस्नेत | ०४९२१११८,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २११ | ०,०३३८.६३ | आवास | बाटो | १९१ | २१० | २१२ | |
| २३ | रमेश आले | १८३०७४/१३०,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७७ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७६ | १७८ | |

| सि.न. | परिवारमूलीको नाम,थर, ना.प्र.नं. | ना.प्र.प.नं. | स्थानीय तह | वडा नं. | साविक नक्सा नं./ कित्ता नं. | हालको नक्सा नं./कि.नं. | क्षेत्रफल (ब.मि.) | प्रयोजन | चार किल्ला कित्ता नं. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | पु. | प. | उ. | द. | |
| २४ | अर्जुन ठाकुर | १८१०७४/६४२,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९२ | ०,०३३८.६३ | आवास | २१२ | बाटो | १९१ | १९३ | |
| २५ | भीम कुमारी | ०४९८०६,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७५ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७४ | १७६ | |
| २६ | भिम बहादुर मगर | ३१६३१८८८,सर्लाही | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८८ | ०,०३३८.६३ | आवास | २०८ | बाटो | बाटो | १८९ | |
| २७ | जित बहादुर कार्की | १९३०८५/३८, सर्लाही | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९३ | ०,०३३८.६३ | आवास | २१३ | बाटो | १९२ | १९४ | |
| २८ | मिना कुमारी महत्तो | १७-०१-७१-०२४०८,धनुषा | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०२ | ०,०३३८.६३ | आवास | २२३ | बाटो | २०१ | १०३ | |
| २९ | गोविन्द बहादुर भुजेल | ०४९७१२१३/७३९/०४०,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९८ | ०,०३३८.६३ | आवास | २२० | बाटो | बाटो | १९९ | |
| ३० | सचिदानन्द चौधरी | ०४९२३५४०,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९७ | ०,०३३८.६३ | आवास | २१७ | बाटो | १९६ | १६७ | |
| ३१ | अमृत बहादुर आले | १८३०७२/१८, महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७३ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७२ | १७४ | |
| ३२ | भवानी कुमारी श्रेष्ठ | १८-०५-७३-००५९४,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१० | ०,०३३८.६३ | आवास | बाटो | १९० | २०९ | २११ | |

| सि.न. | परिवारमूलीको नाम,थर, ना.प्र.नं. | ना.प्र.प.नं. | स्थानीय तह | वडा नं. | साविक नक्सा नं./ कित्ता नं. | हालको नक्सा नं./कि.नं. | क्षेत्रफल (ब.मि.) | प्रयोजन | चार किल्ला कित्ता नं. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | पु. | प. | उ. | द. | |
| ३३ | धन बहादुर भुजेल | ०४९७०२२४,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१६ | ०,०३३८.६३ | आवास | बाटो | १९६ | २१५ | २१७ | |
| ३४ | शुभलाल तामाङ्ग | ४००४८/२२६३,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७९ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | बाटो | १८० | |
| ३५ | जनती खातुन | १७-०१-७७-१३७०३,धनुषा | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २२६ | ०,०३३८.६३ | आवास | बाटो | २०६ | २२५ | १६८ | |
| ३६ | ज्ञान बहादुर भुजेल | १८३०७४/४९९,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १९० | ०,०३३८.६३ | आवास | २१० | बाटो | १८६ | १९१ | |
| ३७ | गुने दमाई | ०४९७५२६३,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०० | ०,०३३८.६३ | आवास | २२२ | बाटो | १९९ | २०१ | |
| ३८ | सुकुमाया पुर्वछाने | १८३०७४/५१०,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८४ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १८३ | १८५ | |
| ३९ | भेषे कुमारी | १८३०७२/७३०,महोत्तरि | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८९ | ०,०३३८.६३ | आवास | २०९ | बाटो | १८८ | १९० | |
| ४० | कविता चौधरी | १९-०१-७६-०१५१६,सर्लाही | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २२३ | ०,०३३८.६३ | आवास | बाटो | २०२ | २२२ | २२४ | |
| ४१ | मन्चु चौधरी | १८-०५-७५-००८१३,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०८ | ०,०३३८.६३ | आवास | बाटो | १८८ | २०७ | २०९ | |

| सि.न. | परिवारमूलीको नाम,थर, ना.प्र.नं. | ना.प्र.प.नं. | स्थानीय तह | वडा नं. | साविक नक्सा नं./ कित्ता नं. | हालको नक्सा नं./कि.नं. | क्षेत्रफल (ब.मि.) | प्रयोजन | चार किल्ला कित्ता नं. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | पु. | प. | उ. | द. | |
| ४२ | ज्ञान बहादुर भुजेल | १८३०७२/४५, महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २२० | ०,०३३८.६३ | आवास | बाटो | १९८ | बाटो | २२१ | |
| ४३ | इनर कुमारी कापर | १८-०१-७४-०५६४२,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८१ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १८० | १९२ | |
| ४४ | श्याम कुमार तामाङ्ग | २०१३/६७,उदयपुर | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १८० | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १७९ | १८१ | |
| ४५ | मान बहादुर श्रेष्ठ | ०४९७२२२४,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १६९ | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १६८ | १७० | |
| ४६ | ममता कुमारि | ०४९७६१९१,महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०४ | ०,०३३८.६३ | आवास | २२५ | बाटो | २०३ | २०५ | |
| ४७ | मंगले हेन्जन | ०४९७२२०२ महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१२ | ०,०३३८.६३ | आवास | बाटो | १९२ | २११ | २१३ | |
| ४८ | कुल बहादुर श्रेष्ठ | ०४९०१६५७ महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | १७० | ०,०३३८.६३ | आवास | बाटो | १६८ | १६९ | १७१ | |
| ४९ | मन्दिरा सुस्लिङ्ग | १८३०७३/३४८ महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २०३ | ०,०३३८.६३ | आवास | २२४ | बाटो | २०२ | २०४ | |
| ५० | सहमाया समाल | ०४९६०५३८७ महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१७ | ०,०३३८.६३ | आवास | बाटो | १९७ | २१६ | २१८ | |
| ५१ | लाल बाबु श्रेष्ठ | १८१०७४/३५० महोत्तरी | बर्दिवास न.पा. | २ | २५नं. बहादुर गंज ४घ कि.न. ३२ | २१५ | ०,०३३८.६३ | आवास | बाटो | १९५ | २१४ | २१६ | |

# विपन्न परिवारका छोराछोरीको सामूहिक विवाह गरिदिँदै मनरा शिसवा नगरपालिका



खबर दर्पण समाचारदाता
**मंसीर २१ गते, महेन्द्रनगर**

महोत्तरीको मनरा शिसवा नगर पालिकाले नगरक्षेत्रभित्रका आर्थिक अवस्था कमजोर भएका तथा विपन्न परिवारका छोराछोरीको सामूहिक विवाह गरिदिने भएको छ।

नगरभित्र अधिकांश नागरिकको आर्थिक अवस्था कमजोर भएकाले उनीहरुका छोराछोरीको निःशुल्क सामूहिक विवाह गरिदिने पालिका कार्यालयले जनाएको छ।

नगर प्रमुख मोहन पाण्डेयले आफ्नो नगरक्षेत्रभित्र गरिब तथा विपन्न परिवारको बाहुल्यता बढी रहेकाले उनीहरुका छोराछोरीको विवाह लाग्ने खर्च नगरपालिकाले दिने गरी 'सामूहिक विवाह'को योजना ल्याइएको बताए। नेपाल सरकारले विवाह गर्न मान्यता दिएको उमेर (२० वर्ष) पुगेका, आर्थिक अवस्था कमजोर भएका परिवारका छोराछोरीलाई नगर पालिकाले निःशुल्क रुपमा विवाह गरिदिन उनको भनाइ थियो।

मनरा शिसवा नगरपालिकाले ११औं नगरसभाबाट नगरक्षेत्रका इच्छुक, उमेर पुगेका, गरिब तथा विपन्न परिवारका वरबधुलाई सामूहिक विवाह सम्बन्धी योजना नै पारित गरेको नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवेन्द्र चौधरीले जानकारी दिए।

मङ्सिर महिनाभित्र नगर पालिकाको प्रत्येक (१० वटै) वडामा विवाह गर्न इच्छुक परि वारलाई वडा कार्यालय वा नगर पालिकाको सामाजिक विकास शाखामा निवेदन दर्ता गराउन अभियान चलाइएको चौधरीले बताए। निवेदन दर्ता भइसकेपछि पालिकाले विवाहको मिति तोकेर एक्कैचोटी एउटै मण्डपमा सबै दुलाहादुलहीको विवाह गरिदिने कार्यक्रम रहेको उनले जानकारी दिए।

तराई-मधेशमा दाईजो प्रथाले जरो गाडेकाले न्यून आय भएका, आर्थिक रुपमा कमजोर, तथा विपन्न परिवारले छोराछोरीको विवाह गर्न सक्षम नभएको गुनासो आएपछि पालिकाको नगरसभा बैठकबाट सामूहिक विवाहसम्बन्धी योजना पारित गरिएको प्रमुख पाण्डेयको भनाइ थियो। उनका अनुसार यस विवाहमा नगरपालिकाले सबै दुलाहादुलही जोडीलाई एकरएक जोड लुगा, दुलहीलाई चुरा, पोते, शृङ्गारका आवश्यक सामान र जन्तीलाई भोजभतेर तथा बासको व्यवस्था मिलाउने कार्यक्रम रहेको छ।

नगरपालिकाले विवाह गर्ने दुलही (केटी) अनिवार्य रुपमा यही नगर पालिका क्षेत्रभित्रको हुनुपर्ने शर्त राखिएको जनाउँदै विशेष गरी नगरक्षेत्रभित्रका केटीलाई लक्षित गरी यो कार्यक्रममा ल्याइएको नगर प्रमुख पाण्डेयले बताए। उनले पहिलो पटक नगरले यस्तो कार्यक्रम ल्याएको भन्दै यसले सकारात्मक सन्देश दिए प्रत्येक वर्ष यस कार्यक्रमलाई निरन्तरता दिइने बताए।

# महोत्तरीमा राष्ट्रिय पुरुष भलिबलकालागि खेलाडी छानिए



खबर दर्पण समाचारदाता
**मंसीर २१ गते, महोत्तरी**

महोत्तरीमा राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा सहभागि हुने खेलाडी छनौट गरेको छ। नेपाल भलिबल संघको आयोजना र कर्णाली प्रदेश भलिबलसंगको व्यवस्थापनमा सुर्खेतको बिरेन्द्रनगरमा २०८० पौष २० गते देखि आयोजना हुने ३४ औं राष्ट्रिय पुरुष भलिबलकालागि बिहिबार महोतरीमा खेलाडी छनौट गरिएको हो।

बिरेन्द्रनगरमा हुने खेलको लागि मधेश प्रदेशबाट सहभागि हुने खेलाडीहरुको छनौटकालागि महोतरीबाट पठाउने खेलाडीहरु छानिएको जिल्ला भलिबल संघ महोतरीका अध्यक्ष रामकरण चौधरीले बताए। मधेश प्रदेश भलिबल संघले मंसिर २९ र ३० गते प्रदेशको खेलाडी छनौट गर्ने चौधरी बताए।

जिल्लाबाट छानिएको खेलाडीहरु प्रदेशको टिममा पर्न प्रतिस्पर्धा गर्नेछन्।

महोतरीबाट गौशाला नगर पालिकाबाट सुरज सिंह, बर्दिबास नगरपालिकाबाट राजा राइन, औरही नगरपालिकाबाट विशाल यादव, भंगहा नगरपालिकाबाट पुनित राउत, नितेश सिंह, रामकुमार शर्मा, राज सिंह, बलिराम साह, धिरेन्द्र सिंह, पाण्डव चौधरी, सतेन्द्र चौधरी र अमन चौधरी छनौट भएका छन्। वैकल्पिकमा सुमन चौधरी र अभिनन्दन सिंहलाई छनौट गरिएको जिल्ला भलिबल संघ महोतरीका अध्यक्ष चौधरीले बताए।

# जनकपुरमा अवैध औषधी .........

औसधि पसल गरि ६५ वटामा अनुगमन गरिएको छ। जसमा अधिकांश अस्पतालहरुमा आफ्नो फार्मेसी नभएको र सटर भाडामा दिएर बाहिरका व्यक्तिले सञ्चालन गरको पाइएको छ। दर्ता भएका केही औसधि पसलमा फर्मासिस्ट नभएको र उपस्थित व्यक्तिले विभिन्न कामले उनीहरु बाहिर रहेको बताएका छन्।

उनीहरूलाई फर्मासिस्ट आफै बस्नु पर्ने अथवा अनुपस्थित बेला बन्द वा फर्मासिस्ट बसाएर मात्र जान सुझाब दिएको उनले बताए।

बिगतमा पनि अनुगमनमा आउँदा अवैध औसधि पसल सञ्चालक बन्द गरेर भाग्ने गरेको टोलिको भनाइ छ।

# तराई मधेशका....

रहेका व्यक्तिहरूले स्वास्थ्यमा ख्याल गर्न आग्रह गरेका छन्। प्रादेशिक अस्पताल जनकपुर धामका उपनिर्देशक डा. केडी दासले जाडो याममा चिसोजन्य सङ्क्रमण बढ्ने भएकाले शरीर ढाक्ने न्यानो कपडा लगाउनुपर्ने र ताजा तथा तातो तथा झोलिलो खानेकुरा बढी खान सर्वसाधारणलाई आग्रह गर्नुभयो।

चिसोको कारण विशेषगरि दम रोगी, मुटु रोगी, वृद्धवृद्धा, बालबालिकालाई बढी सास्ती हुने भएकाले सजग रहनुपर्ने डा. दासले आग्रह गर्नुभयो।

# बर्दिवासः खानेपानी चोरी.....................

जानकारी दिए।

व्यापारी, व्यक्ती तथा उद्योगहरुले खानेपानी संस्थानलाई २ करोड १५ लाख वक्यौता बुझाउन बाकी छ। संस्थानले पटक-पटक उक्त वक्यौताको बिषयमा ताकेता गर्दा पनि अटेर गरेपछी धारा नै काटने प्रक्रिया अगाडि बढाइएको अध्यक्ष सेनले बताए।

उन्का अनुसार अहिलेसम्म नगर भित्र ८५ वटा धाराहरु काटिएको छ भने काटने क्रम जारी रहेको छ।

काटेपछी केही संस्था तथा व्यक्तिहरुले केही रकम बुझाउन आएको र बाकी रकम तिर्न समेत समयसिमा मागेको हुनाले पुनः जडान पनि गरिरहेको कोषाध्यक्ष फुयालले जानकारी दिए।

बर्दिवास वडा न.३ को गौरि डाडा, वडा न.१, वडा न.२ र वडा न.१४ का बासिन्दालाई यस खानेपानी संस्थानले ५५४६ वटा धारा प्रदान गरिरहेको छ। यो विचमा पानीको समस्या बढन थालेपछि उपभोक्ता समितिले पानी चुहावट तथा चोरीका बिषयहरुलाई निगरानी बढाएको छ।


## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490/9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392/9854021392/9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ।

### २४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा इढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी, आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।
- विरामी भर्नाको लागि क्षलमयचक को व्यवस्था।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com/ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा